राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

च नं ९९४६

मिति २०८१/०६/२३

नेपाल संवत् ११४४ कौलाथ्व षष्ठी ६

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं ।

श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

श्री राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं ।

**विषयः अनुगमन प्रतिवेदन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा, मिति २०८१/०६/१० देखि १२ गते सम्मको भारी वर्षाका कारण देशका विभिन्न भागमा बाढी, पहिरो एवम् डुबानले ठुलो जनधनको क्षति भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार राजधानीमा हालसम्मकै भीषण वर्षा भएको कारण देशका विभिन्न स्थानमा जन धनको क्षति सहित देशका अधिकांश भागको जनजीवन अस्तव्यस्त भएको छ। बाढीका कारण २४६ जनाको मृत्यु भएको छ। त्यस्तै गरि १८ जना वेपत्ता, १७८ जना घाइते रहेका तथा ठूलो संख्यामा विस्थापित भएको अवस्था छ । विपदको कारण नागरिकको मानव अधिकारमा पर्न गएको असर तथा मानव अधिकारको अवस्थाको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगका सातै पद्रेशका कार्यालयहरूले नियिमत अनुगमन गरिरहेको छ । केन्द्रीय कार्यालयबाट उपत्यकाको काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा २०८१ असोज १३ गते आयोगका सदस्य सहित अधिकृतहरूको टोलीबाट उपत्यकाका विपद् प्रभावित क्षेत्रहरूमा राहत, उद्धार, घाइतेको स्वास्थ्योपचार, बसोबास लगायत मानव अधिकार अवस्थाको अनुगमन गरेको छ । प्राप्त तथ्यको आधारमा संक्षिप्त प्रतिवेदन कार्यार्थ पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध गरिन्छ ।

माया देवी शर्मा
उपसचिव

# देशभर परेको लगातार भारी बर्षाका कारण आएको बाढी पहिरोले पारेको प्रभाव र मानव अधिकारको अवस्था अनुगमन प्रतिबेदन

## १. पृष्ठभूमी

मिति २०८१/०६/१० देखि २०८१/०६/१२ सम्म परेको वर्षाका कारण देशका विभिन्न भागमा बाढी, पहिरो एवम् डुबानले ठुलो जनधनको क्षति भएको छ । विपदको कारण नागरिकको मानव अधिकारमा पर्न गएको असर तथा मानव अधिकारको अवस्थाको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगका सातै पद्रेशका कार्यालयहरुले नियिमत अनुगमन गरिरहेको साथै केन्द्रीय कार्यालयबाट उपत्यकाको काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा मिति २०८१/०६/१३ गते आयोगका माननीय सदस्य मिहिर ठाकुर सहित अधिकृतहरूको टोलीबाट उपत्यकाका विपद् प्रभावित क्षेत्रहरूमा राहत, उद्धार, घाइतेको स्वास्थ्योपचार, बसोबास लगायत मानव अधिकार अवस्थाको सम्बन्धमा अनुगमन गरेको छ ।

## २. अनुगमनबाट प्राप्त तथ्यहरूः

### काठमाडौ जिल्ला

- बल्खु क्षेत्रमा खोलाको किनारको सुकम्बासी बस्तीका प्रभावित बासिन्दाहरू अधिकांशको बासस्थान बाढीले बगाएको कारण निजहरू बिस्थापित भएको पाइयो।
- बाढी प्रभावितहरूलाई खोला किनारबाट नेपाल प्रहरी लगायतको टोलीले उद्धार गरेको, प्रभावितहरू मध्ये केही आफन्तकहाँ गएको र १८० जनालाई स्थानीय युथ फर गुड नेपाल, होप फर चिल्ड्रेन, र युवा वडा कमिटि समेतका संस्थाहरूको सहकार्यमा जनविस्वास माध्यमिक बिद्यालयका सटरहरूमा राखि बस्न र खानाको प्रवन्ध गरेको पाइयो ।
- प्रभावितहरूलाई राखिएको स्थानमा शौचालयको समस्या रहेको, बस्ने कोठा समेत साँघुरो तथा चिसो भएको र मानिस धेरै जना भएको कारणले फोहोर भएको, बालबालिका, गर्भवती, ज्येष्ठ नागरिक, महिला, पुरुष, यौनिक तथा लैंगिक अल्पसंख्यक र विरामी, बाढीबाट घाइते समेत सबै एकै स्थानमा बसेको पाइयो ।
- वाढी प्रभावितहरू अधिकांशको शरीरमा लगाएको लुगा बाहेक अन्य सामान जोगाउँन नपाएको, बालबलिकाको बिद्यालयको पोशाक, पाठ्यपुस्तक समेत बगाएको थियो।
- बाढीको कारण प्रभावितहरूमा जेष्ठ नागरिक, गर्भवती र घाइते र अधिकांश बालबालिका समेत रहेका थिए । प्रभावितहरू प्रायजसोले मजदुरी काम गर्ने गरेको बताएका थिए ।

- सरकारले बाढी प्रभावितलाई निःशुल्क उपचार गर्ने घोषणा गरिए पनि सरकारी अस्पतालमा उपचार गराउँदा पूर्णरूपमा कार्यान्वयन नभएको पीडितको गुनासो रहेको छ। जस्तैः प्राथमिक उपचार गरेपनि इन्जेक्सन लगायत अन्य सामाग्री आफैं किन्नु परेको थियो ।
- प्रभावित क्षेत्रमा उद्धारको लागि स्थानीय सरकारको उपस्थिति नरहेको भन्ने प्रभावितहरूको भनाइ रहेको थियो।
- बल्खु तरकारी बजारमा करिव ४०० को संख्यामा रहेका पसलहरू सबै नष्ट भएको, अनुगमन टोली पुग्दा त्यहाँको हिलो बाढी पिडीतहरू आफैले झिकिरहेको देखिएको थियो ।
- बल्खु तरकारी व्यवसायीहरूले भाडामा लिएर संचालन गरिरहेको पसल बाढीले बगाएर सबै क्षतविक्षत हुँदा समेत उनीहरूले भाडा तिरेको ठेकेदार र कर तिरेको निकाय स्थानीय तह तथा समितिका कोही पनि पिडीतहरूलाई भेट्न नआएको गुनासो बाढी प्रभावितहरूको रहेको थियो।
- कालीमाटी तरकारी बजारमा बाढीले क्षति नगरे पनि बाढी पहिरोको कारण तरकारीहरु आयात हुन नसकेको कारण उपभोग्य सामाग्रीको भाउ अत्यधिक बढेको र अधिकांश पसलहरू खाली रहेको थियो।
- कालीमाटी बजार क्षेत्रका अन्य पसलहरूमा बाढी पसेको कारण दाल, चामल समेतका खाद्यान्न बाहिर निकालेर सुकाएको स्थलगत अवलोकनवाट पाइएको थियो।
- युएन पार्क क्षेत्र तथा बागमती छेउका बस्तीहरूमा बाढी पसी क्षति पुगेको, पसलहरूको सिमेन्ट समेतका निर्माण सामाग्री बिग्रेर नष्ट भएको थियो।
- बुद्ध नगरका केही पसलहरूका सामान नष्ट भएको, स्तूपा कोलोनीको भुईतलामा बाढी पसी १० परिवारका सबै सामान नष्ट भएको, करिव १०० को संख्यामा मोटरसाइकल तथा स्कूटर र ४ वटा गाडी बाढीले डुवाएर विगारिदिएको, इनार तथा रिजर्भ ट्यांकीमा बाढी पसेकोले खाने पानीको समस्या भएको, वडा कार्यालयमा, महानगरपालिकामा फोन गर्दा फोन नउठेको कोलोनीबासीहरूको भनाइ रहेको थियो।
- नेपाल रेडक्रस सोसाइटी, सोल्टीमोडको आपतकालिन कार्य सञ्चालन केन्द्रका अनुसार भक्तपुर क्षेत्रका करिव १०० घरपरिवारलाई खाद्यान्न बितरण र करिव ५० परिवारलाई कम्बल, म्याट लगायतका सामानहरु बितरण गरेको, ,किर्तिपुर क्षेत्रका करिव १०० परिवारलाई जेष्ठ नागरिक, टुहुरा बालबालिकाहरूलाई उद्दार गरी सार्वजनिक स्थानमा राखिएको, ललितपुरमा करिव १०० परिवारलाई पञ्चेश्वर मन्दिरमा लगेर राखिएको, अहिले तथ्यांक संकलन कार्य भइरहेकोले एकिन तथ्यांक आएपछि साझेदार दातृ निकाय बाट सहयोग लिई आवश्यकता हेरी सहयोग गरिने जानकारी प्राप्त भएको थियो ।

## ललितपुर जिल्ला

- जिल्ला प्रहरी परिसर ललितपुरबाट मिति २०८१/०६/१४ सम्म ललितपुरमा ६४ मृत भेटिएको ,८ जना वेपत्ता भएको र उपचारको लागि १० जनालाई पाटन अस्पतालमा लगिएकोमा ८ जना घर फर्किसकेको जानकारी प्राप्त भएको थियो ।
- डुबानमा परेका नागरिकहरुलाई उद्धार गर्नको लागि प्रहरी परिसर ललितपुर र विपद् उद्दार गण सामाखुशीबाट गरी ११०० प्रहरी कर्मचारी परिचालित गरिएको पाइयो।
- ललितपुरका करिब ९० प्रतिशत घरहरूको तल्लो तल्ला डुबानमा परेको भन्ने जानकारी पाइयो ।
- ललितपुरको दक्षिणी भेग अझ बढि प्रभावित भएको र सो स्थानमा यातायात, टेलिफोन, ईन्टरनेट, बत्ति लगाएतको सेवा अवरुद्ध भएको कारणले के कति क्षति भएको छ भन्ने विस्तृत जानकारी अझै प्राप्त हुन नसकेको जानकारी पाइयो।
- टिकाभैरव, आश्राङ्ग लगायत स्थानसँग पनि सम्पर्क हुन नसकेको, पहिरेको कारण सडक समेत अबरूद्ध रहेकोले त्यहाँबाट विस्तृत जानकारी आउन बाँकी रहेको जानकारी पाइयो ।
- ६४४ जना प्रहरी टोलीले उद्धार गरेको, नेपाली सेनाबाट ६ जना उद्धार सहित गरि ६५० जनाको हालसम्म उद्धार भएको र अझै पनि जारी रहेको जानकारी पाइयो।
- नदि किनार तथा डुबान क्षेत्रमा उद्धारको लागि प्रहरी कर्मचारी तथा मानवीय स्रोत पर्याप्त मात्रामा भएतापनि उद्धार कार्यको लागि प्रर्याप्त मात्रामा सामाग्री, उपकरण तथा प्रविधि नभएकोले क्षमता अनुरूपको उद्धार गर्न नसकिएको जानकारी प्राप्त भएको छ ।
- डुबानमा परेकाहरुको उद्धारको लागि प्रहरीसँग मोटर बोट समेत नभएर राफ्टिंग एशोशियसन, ठमेल लगायतको निजी संस्थाहरूसँग ६ वटा मोटर बोट माग गरी उद्धार गरिएको र डोरीको अभावको कारण स्थानीयले पानीको लागि प्रयोग गरिरहेको पाइप र गाडीको पाङग्रा प्रयोग गरी सुरक्षाकर्मीबाट उद्धार गरिएको थियो ।
- विपत् व्यवस्थापनको लागि प्रहरीसँग प्रर्याप्त श्रोत साधनको अभाव रहेको कारण उद्धार कार्य प्रभावकारी हुन नसकेको पाइयो ।
- ललितपुरमा बाढीबाट विस्तापित भई कुनै पनी पुर्नस्थापनका केन्द्रमा नराखिएको, पीडितहरू गास, बास, कपासको लागि आफैं आफन्त लगायतको घरमा बसेको जानकारी प्रहरीबाट प्राप्त भएको थियो।

- ललितपुर जिल्लाका विपद्का पीडितिलाई पाटन अस्पतालमा राखिएको, अस्पतालमा ल्याईएका १० जना मध्ये ८ जना उपचार गरि घर फर्किसकेको र २ जना उपचारको क्रममा सामान्य अवस्थामा रहेको पाइयो ।
- घाइतेहरूको उपचार र औषधि खर्च सरकारले बेहोरेको भन्ने अस्पतालको प्रशासनको भनाइ रहेको छ ।
- अनुगमन टोलीले घाइतेका परिवारसँग भेटधाट गर्दा स्वास्थ्य अवस्था सामान्य रहेको, उपचार र औषधि खर्च सरकारले बेहोरेको केही साने तिनो खर्च आफैले गरेको पाइयो।
- घाइते मध्येका उपचाररत राज शाहले फलामको कार्य गर्ने र नख्खु खोला किनारमा टहरा भाडामा लिई ३ बर्षदेखि उक्त टहरामा बस्दै आएको हुँदा परिवारको लत्ता कपडा, ओडने औछ्यान, भाँडाकुडा र ३ वटा मोटर बाइकसहित काम गर्ने औजार समेत बाढीले बगाएको भन्ने जानकारी निज राज साहबाट पाइयो ।उनीहरूको गास, बास, कपासको कुनै व्यवस्था नभएको अवस्थामा पाइयो ।
- नेपाली सेना राजदल गणाका अनुसार ललितपुरमा विशेष गरि बालकुमारी, ईमाडोल, च्यासल, हात्तिबन, कान्तिपुर कोलोनी, नख्खु जस्ता ठाँउहरू प्रभावित भएको भन्ने जानकारी पाइयो।
- उद्धारको लागि पर्याप्त तालिम र जनशक्ति भएपनि सामाग्री र आधुनिक उपकरणको अभाव भएको कारण प्रभावकारी उद्धार गर्न नसकेको भन्ने सुरक्षाकर्मीको भनाइ रहेको थियो ।
- नख्खु खोलामा आएको बाढीले मिडिसिटी हस्पिटलको तल्लो तल्ला विशेष गरि ऐमेरजेन्सी वार्डलाई डुबानमा पारेको छ।
- यस क्रममा तल्लो तल्लामा रहेका ४१ जनालाई गरि अस्पतालमा रहेका २०० जनालाई ग्रान्डी अस्पतालमा स्थानान्तरण गरिएको पाइयो।
- अस्पतालमा मानवीय क्षति नभए पनि अस्पतालको चिकित्सा उपकरणमा ठूलो क्षति पुगेको र हाल अस्पतालको बिजुली लाईन बाढीले बगाएको कारण बत्ति र पानी नभएकोले अस्पतालको शौचालय लगायत निकै फोहोर अवस्थामा रहेको, अस्पताल अस्तव्यस्त रूपमा रहि कामदारहरूले हिलो सफा गर्दै गरेको भेटिएको थियो।
- चोभारको गल्छी नजिकै नख्खु खोला र बागमती जोडिने भएकाले बागडोल आसपास अत्यधिक क्षति पुगेको स्थानीयको भनाइ रहेको थियो ।
- बाढीले नख्खु क्षेत्रको जनजीवन प्रभावित भएको र खोला किनारका अधिकांश घरमा बाढी पसेको छ भने भुइँतलाका सरसामानमा क्षति पुगेको पाईयो ।
- खोला करिडोर छेउछाउका केही घर माटोले पुरिएका छन् भने कतिपय घर र टहरा तहसनहस भएका र माटोको बाक्लो लेदो बस्तीमा छिरेको थियो ।

- बाढीले छेउछाउका बस्ती, सनराइज अर्पाटमेन्टसँगै उद्योग, कलकारखानामा समेत क्षति पुऱ्याएको र त्यहाँका उद्योगमा समेत ठूलो जनधनको क्षति भएको, त्योसँगै ग्यारेज, होटल, ड्राइभिङ सेन्टर, कृषि फार्महरू समेत डुबानमा परेका थिए ।
- विस्थापित भएकाहरु गास, बास, कपासको लागि आफन्तको शरण लिएर बसेको पाइयो।
- प्रभावित क्षेत्रमा बत्ति, पानी, टेलिफोन सेवा अवरूद्ध रहेको थियो ।
- प्रभावित क्षेत्रका विधालयहरूसमेत डुबानमा परेको पाइयो ।

**भक्तपुर जिल्ला**

- जिल्ला प्रहरी परिसर भक्तपुरका अनुसार सुर्यविनायक न.पा वडा नं ९ पलासेमा पहिरोमा परी ९ महिनाकी गर्भवती महिला वर्ष २५ कि दमिला शाही, निजकी बहीनी १४ वर्षीय मनिषा शाही र ४ वर्षकी छोरी श्रेया बमको बिहान ७ ३० वजेको समयमा घटनास्थल मै मृत्यु भएको पाइयो।
- सूर्य विनायक न.पा आशापुरी, नैचालमा वर्ष ५० की मसिली तामाङ, वर्ष ३७ की मनु तामाङको मृत्यु भएको पाइयो।
- भक्तपुर गुण्डु निवासी ८० वर्षीय सानु तामाङ्गको खुट्टाभाँची घाइते भएको निजहाल भक्तपुर अस्पतालको (आई.सि.यु) उपचारत रहेको पाइयो।
- विपदको कारण विस्थापित भएका अन्दाजी १०० देखि १२० जनालाई च्याम्बर अफ कमर्सले खाद्यान्न उपलब्ध गराएको र बस्ने व्यवस्था जनप्रेमी आधारभूत स्कुल कौसलटार रहेकोमा टोलीले अनुगमन गरेको समयमा सो स्थान कुनै पनी व्यक्ति नरहेको र सबै आ-आफ्नो घर गएको भन्ने जानकारी प्राप्त भएको थियो।
- नेपाली सेना, नेपाल प्रहरी, र सशस्त्र प्रहरीको संयुक्त विपद व्यवस्थापन टिम नै उद्धारकार्यमा खटिएको थियो ।भक्तपुरमा डुवानमा परेकाहरुको सम्बन्धमा अधिकांशको भुईंतल्लामा मात्र पानी पसेको हुँदा विस्थापितको संख्या कम रहेको पाइयो ।
- भक्तपुरमा च्यामासिङ देखि जगाती सम्म १० घर , डोलेश्वरमा ४ घर ,कटुन्जे घट्टे खोला १३ घर, भक्तपुर न.पा वडा नं ४ मा राम मन्दिर १० घर, भक्तपुर न.पा वडा नं १ ६० घर, सैनिक स्कुल ईभामुरा हस्पिटल वरपर ६० घर, नगरकोट मोड ७० घर डुवानमा रहेको विवरण पाइयो ।
- मध्यपुर थिमी राधेराधे देखि निकोसेरा सम्म १५०टहरा, सूर्यविनायक न.पा बालकोटः अस्थायी टहरा २००, चांगुनारायण न.पा दुवाकोटमा १५ वटा, मध्येपुर २ दिव्येश्वरः १९ वटा, मनोहरा पुल २०० टहरा क्षति भएको विवरण पाइयो ।

- पीडितका अनुसार घटना विहान ७:३० वजे भएको पहिरो ठूलो नभए पनि टहरा पुरै पुरिएको अवस्थामा रहेको जानकारी पाइयो ।
- बिहानको समयमा टहरामा माथिबाट नयाँ माटो पटाएको ढिस्को खसेर टहरा पुरिएको र मृतकहरुलाई उद्धार गर्न खोज्दा पनि ४५ मिनेट जति लागेको ,घटना भएको ३० मिनेट पछि मात्र प्रहरी आईपुगेको भन्ने जानकारी पाइयो ।
- मृतकका लासहरु KM C अस्पताल दुवाकोटमा पोष्टमार्टमको लागि लगिएको पाइयो । विपदका घाइतेहरूलाई भक्तपुर अस्पतालमा उपचार गरिएको, उपचारको सबै खर्च निशुल्क गराएको भएपनि हात खुट्टा भाँचिएको हकमा स्टिलचाहीं आफै किन्नु पर्ने भन्ने जानकारी घाइतेबाट पाइयो ।

**धादिङ जिल्ला**

- जिल्ला प्रहरी कार्यालय धादिङका अनुसार धादिङ र काठमाण्डौंको सिमाना नजिकै काठमाण्डौ उपत्यकाको २० किलोमिटर पर झ्याप्ले खोलामा आएको बाढी पहिरोका कारण पहिरोमा परी ३ वटा गाडीमा सवार ३५ जना यात्रुहरुको मृत्यु भएको थियो ।
- बाढीको गएको समयमा विजुलीका पोलहरु ढलेका, नेटवर्कहरु नहुँदा तत्काल उक्त स्थानमा उद्धारमा समस्या भएको।केही गाडीहरू क्षति भएको, हाल विजुली, नेटवर्कहरू चलिरहेको, प्रहरीको अथक प्रयासपछि दुईतर्फी सडक खुलाईएको जानकारी प्राप्त भएको थियो ।

**काभ्रेपलञ्चोक जिल्ला**

- रोशी खोलामा आएको बाढीले पनौती नगरपालिका वडा नं. १, २, ४, ७, ८, ११ र १२ करिब ७ सय परिवार बिचल्लीमा परेको भन्ने जानकारी पाइयो । वडा नं.१२ मा मात्र ३ सय घरधुरी विस्थापित भएका, वडां. ८ स्थीत भालेश्वरबाट बलाँती तर्फ करिव १ कि.मि सम्मको सम्पूर्ण घर र बाटोमा क्षति पुगेको, बर्षा सँगै रोशी खोलामा अवैध रुपमा सञ्चालित ढुङगा खानी तथा क्रसर उधोगका कारण रोशी खोला रोशी बजारमा पसेको भन्ने जानकारी पाइयो ।
- काभ्रेपलाञ्चोकमा कम्तीमा ९२ विद्यालयमा क्षति पुगेको, जिल्लाका १३ मध्ये ११ स्थानीय तहका विद्यालयमा क्षति पुगेको शिक्षा विकास तथा समन्वय इकाईंबाट जानकारी पाइयो ।
- अविरल वर्षाका कारण बाढिपहिरो आएदेखि विद्यालय पूर्ण रूपमा बन्द गरिएको छ भने विद्यालयले अर्को सूचना जारी नगरेसम्म क्षतिग्रस्त विद्यालयबाट पठनपाठन नगराइने सार्वजनिक सूचनामार्फत जानकारी गराएको पाइएको छ ।

- शिक्षा विकास तथा समन्वय इकाईका अनुसार बाढीपहिरोबाट जिल्लाको पनौती नगरपालिकामा १३, रोशी गाउँपालिकामा १२, बेथानचोक गाउँपालिकामा पाँच, भुम्लु गाउँपालिकामा १०, तेमाल गाउँपालिकामा सात, धुलिखेल नगरपालिकामा पाँच, पाँचखाल नगरपालिकामा १३, चौँरीदेउराली गाउँपालिकामा १४, बनेपा नगरपालिकामा तीन, खानीखोला गाउँपालिकामा चार र मण्डनदेउपुर नगरपालिकामा छ विद्यालयमा क्षति पुगेको जानकारी पाइयो ।
- रोशी गा.पा का सूचना अधिकारीका अनुसार उक्त पालिकामा १२ जनाको मुत्यु भएको, बाढी पहिरो पीडित १ परिवार बराबर १ बोरा चामल २ के.जी दाल, चिनी वितरण गरिएको, गाउँपालिकाको तथ्याङ्क अनुसार हाल सम्म २६० परिवार बिष्थापित भएको जानकारी पाइयो । ।रोशी गा.पा ले पूर्ण रुपमा बिष्थापित प्रति परिवारलाई २० हजार दिने घोषणा गरेको जानकारी पाइयो ।

**मकवानपुर जिल्ला**

- मकवानपुरको सिस्नेरीमा सडकमाथिका ५-६ वटा घरबाहेक बजार पूर्ण रूपमा बगाएको छ ।
- बागमती प्रदेशका बढी क्षति पुर्याएका ४५ स्थानीय तहलाई बागमती प्रदेश सरकारले विपत् जोखिमयुक्त पालिका घोषणा गर्दै आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरेको छ । प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले ११ जिल्लाका ती पालिकाहरूलाई पाँच करोड ८० लाख आर्थिक सहयोग गर्ने निर्णय गरेको पाइयो ।

**३. सुझावहरूः**

- बाढी र पहिरोबाट प्रभावित नागरिकहरूको खोज, उद्धार र राहत कार्यमा सक्रियता देखाई विस्थापित परिवारलाई तत्काल अस्थायी आवास, खाद्यान्न र सुरक्षा प्रबन्ध तथा स्वास्थ्य लगायतका अत्यावश्यकीय सामग्रीहरू तत्काल व्यवस्था गर्नुपर्ने ।
- बाढी र पहिरोबाट हुन गएको क्षतिको मूल्याङ्कन गरि मृतकका परिवारमा भएको क्षतिलाई कानुनी प्रावधानअनुसार क्षतिपूर्ति तथा राहतको व्यवस्था गर्नुपर्ने ।
- बाढी र पहिरोमा परेर घाइते भएका व्यक्तिहरूको सम्पूर्ण उपचार, अपरेशन निःशुल्क व्यवस्था गरिनुपर्ने ।
- अबरुद्ध भएको खानेपानी, सडक, विद्युत्, टेलिफोन सेवाहरूलाई छिटो पुनर्स्थापना र सुचारू गरिनुपर्ने ।
- उद्धार कार्यको लागि आवश्यक सामग्री जस्तै मोटर बोट, डुङ्गा, लाइफ ज्याकेट, र डोरी पर्याप्त मात्रामा उपलब्ध गराईनुपर्ने ।
- विपद्को व्यवस्थापन गर्न चाहिने आधुनिक उपकरणहरू जस्तै हिलो फाल्ने पम्प, मेसिन, अत्याधुनिक डुङ्गा, सेन्सर आदि खरिद गर्नका लागि सबै स्थानीय निकायमा बजेट व्यवस्थापन गरिनुपर्ने ।

- विपदको समयमा गर्भवती, सुत्केरी महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्तहरूलाई प्राथमिकतामा राखी उनीहरूको आवश्यक्तालाई सम्बोधन गरिनुपर्ने ।
- विपद्को समयमा पहिलो उद्धारकर्ताको रूपमा काम गर्ने नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी बल लगायत सुरक्षा बललाई उद्धारको लागि आवश्यक सामाग्री र आधुनिक प्रविधि र उपकरण पर्याप्त रूपमा उपलब्ध गराउन बजेट बिनियोजन गरिनुपर्ने ।
- प्राकृतिक प्रकोपको तयारी र उद्धारको लागि पर्याप्त बजेट छुट्याई उद्धार र पुनर्स्थापनाका कार्यहरूलाई थप प्रभावकारी बनाउनु पर्ने।
- विपद व्यवस्थापनसंग सम्बन्धित संस्थागत संरचनाहरुलाई सक्रिय र तयारी अवस्थामा राख्नुपर्ने ।
- विभिन्न खोला किनारमा बसोबास गर्ने सुकुम्बासीहरूलाई यथाशक्य चाँडो उचित व्यवस्थापन गर्नुपर्ने ।
- विपद्को समयमा प्रभावित जनताको जीवन, सम्पत्ति, स्वास्थ्य, र सामाजिक सुरक्षा सम्बन्धी अधिकारको संरक्षण गर्न विशेष ध्यान दिई विपद् व्यवस्थापनका क्रममा कुनै पनि प्रकारको विभेद हुन नदिन ध्यान दिनुपर्ने ।
- प्राकृतिक विपत्ति पश्चात खाद्यन्न तगायत स्वास्थ्य सामाग्री, औषधीमा हुनसक्ने कृतिम अभाव, अस्वभाविक मूल्यवृद्धि र संक्रामक रोगहरु फैलिन सक्ने अवस्थाप्रति सरोकारवाला निकाय सचेत रहन एवं पीडितहरूलाई सचेत गर्न, गराउन र विपतको अवस्थामा संवेदनशील हुन संघ, प्रदेश र स्थानीय सरकार थप जिम्मेवार एवं संवेदनशील हुनुपर्ने ।
- प्राकृतिक प्रकोपबाट प्रभावित पीडितहरुको अल्पकालिन तथा दिर्घकालिन आवश्यकता परिपूर्तिका लागि सम्पूर्ण सरोकारवाला पक्षहरुले आ-आफ्नो उत्तरदायित्व प्रभावकारी ढंगले बहन गर्न, गराउन र पीडितहरूको मानव अधिकारको संरक्षण, संबर्धन गर्न गराउन सबै संवेदनशील हुनुपर्ने ।
- विपत् पूर्व र विपद पश्चात अपनाउनुपर्ने सावधानी, प्राथमिक उपचारका विधिहरू जस्तै महत्त्वपूर्ण सीपहरू समुदाय स्तरमा प्रशिक्षण दिनुपर्ने ।
- विपत्ति आइपरेपछि मात्र चासो देखाउने प्रवृत्तिको अन्त्यका लागि सावधानीका उपायहरूलाई समयमै अवलम्बन गरिनुपर्ने ।
- नदीतटीय क्षेत्रमा बाढी डुबान, कटान र पटानका आधारमा हुनसक्ने सम्भावित जोखिम र क्षतिको आकलन, पहिचान र मूल्याङ्कन गरिनुपर्ने ।
- खोलाको छेउमा घर निर्माण गर्दा, नदीले बहाव गर्न पाउने ठाउँ साँघुरिएको र यसले बाढी निम्त्याउन र वातावरणलाई हानि पुऱ्याउन सक्ने हुँदा खोलाको छेउमा घर निर्माण गर्दा पालना गर्नु पर्ने नीति नियम र यसबाट हुन सक्ने प्रभावबारे गम्भीरतापूर्वक अध्ययन गरिनुपर्ने ।
- धेरै मानिसले खोलाको छेउमा घरहरू बनाइसकेका कारण क्षतिको सम्भावना अत्यधिक बढेकोले बाढी र डुबानको जोखिम कम गर्न एकीकृत नदी व्यवस्थापन योजना लागू गरिनुपर्ने।

- विकास निर्माण, नदिको गिटी बालुवा उत्खनन्, क्रसर उद्योगको कारण नदि जन्य पदार्थको दोहनको कारण समेत अत्यधिक क्षति भएको देखिंदा वातावरण, दिगो विकासतर्फ सम्वेदनशील हुन तीनै तहको सरकारलाई आग्रह गर्नुपर्ने ।